नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
पर्यटन विभाग
(होटल शाखा)

www.tourismdepartment.gov.np
Email: info@tourismdepartment.gov.np
फ्याक्स नं.:- ४२२७२८१
फोन नं.:- ४२५६२२८,४२५६२३२,४२५६२३१

पत्र संख्या :- ०७६/७७
च.नं :-

# सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७६।१२।०१**

नेपाल भ्रमणमा आउने विदेशी पर्यटकहरुको नेपाल बसाई सुरक्षित र भरपर्दो बनाउन तथा बसाई अवधिका गतिविधि अद्यावधिक राख्न र पर्यटन क्षेत्र सम्बद्ध सबै व्यवसायीहरुले एकीकृत तथ्यांक राख्ने कार्यमा सहजीकरण गर्ने प्रयोजनार्थ यस विभागले अध्यागमन विभाग समेतको सहकार्यमा एकीकृत विद्युतीय सञ्जाल निर्माण गर्ने कार्य संचालन गरिरहेको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ । पर्यटकहरुको नेपाल प्रवेश विन्दुदेखि प्रस्थान विन्दुसम्मका भ्रमण अवधिभरको गतिविधिको पर्यटन क्षेत्रका सम्बद्ध सबै व्यवसायीहरुले एकीकृत तथ्यांक राख्ने कार्यमा सहयोग पुऱ्याउन र पर्यटकहरुको नेपाल बसाई अझ बढी सुरक्षित र भरपर्दो बनाउने कार्यमा यस विभागमा नियमानुसार स्तर वर्गीकरण भएका होटल/रिसोर्टहरुको विवरण विभागको वेवसाइटमा अद्यावधिक गरी अध्यागमन विभागसंग लिंक गर्ने कार्य भइरहेको छ । पर्यटन ऐन, २०३५ बमोजिम पर्यटक स्तरको होटल, लज रेष्टुराँ तथा रिसोर्ट र बार दर्ता गराई अनुमति लिई वर्गीकरण गराएर मात्र संचालन गर्नु/गराउनु हुन सम्बन्धित सबैमा जानकारी गराईन्छ । हाल संचालनमा रही पर्यटकीय आतिथ्यता प्रदान गरिरहेका होटल/रिसोर्टहरुले यस एकीकृत विद्युतीय प्रणालीमा आबद्ध हुन र नियमानुसार संचालन अनुमति लिने कार्यका लागि निम्नानुसार गर्नु गराउनु हुन समेत सम्बन्धित सबैमा अनुरोध छ :-

१. यस विभागबाट स्तर वर्गीकरण नभएका तारे स्तरका होटल, सबै प्रकारका रिसोर्टहरु र हेरिटेज एवं बुटिक होटलहरुले यस विभागमा १ महिना भित्र स्तर वर्गीकरणका लागि सम्पर्क राख्नु हुन ।

२. यस विभागमा दर्ता भएका रिसोर्ट तथा तारे स्तरका होटेलहरुले अनलाईन बिबरण अद्यावधिक गर्नका लागि १५ दिन भित्र विभागमा सम्पर्क राख्नुहुन ।

३. पर्यटकस्तरीय होटल, पर्यटक इन, पर्यटक लज, मोटल तथा बेड एण्ड ब्रेकफास्ट (बी एण्ड बी) हरुले सम्बन्धित प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वा अन्तर्गत निकायको कार्यालयमा दर्ता र वर्गीकरणका लागि एक महिनाभित्र सम्पर्क राख्नु हुन ।

४. साहसिक तथा मनोरञ्जनात्मक पर्यटन व्यवसायहरु बन्जी जम्पिङ्ग, क्यानोनिङ्ग, स्काई ड्राइभिङ्ग, जीप फ्लाइङ्ग, प्याराग्लाइडिङ्ग, बेलुनिङ्ग, एम्युजमेण्ट पार्क, फन पार्क, क्रुज, सीप, वाटर इन्टरटेण्मेण्ट लगायतका साहसिक तथा मनोरञ्जनात्मक खेल तथा कृयाकलापहरु दर्ता र संचालन अनुमतिका लागि यस विभाग समक्ष १५ दिनभित्र सम्पर्क राख्नु हुन ।